कर्णाली प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

## प्रेस विज्ञप्ति

मिति २०८३ भाद्र १० गते रसुवाको भोटेकोशी नदी भएर आएको बाढीका कारण भएको जनधनको क्षतिप्रति कर्णाली प्रदेश सरकार गहिरो दुःख व्यक्त गर्दै मृतकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछ। साथै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ। उक्त बाढी तथा अन्य विपद्का कारण प्रभावित हुन सक्ने नागरिकहरूको अवस्था, सम्भावित जोखिम तथा खोज, उद्धार र राहत कार्यलाई प्रभावकारी बनाउन प्रदेश सरकारले सम्बन्धित निकायहरूसँग निरन्तर समन्वय गरिरहेको छ। यस प्रदेशका नागरिकसमेत उक्त क्षेत्रमा काम तथा तीर्थयात्रामा रहेको हुनसक्ने अवस्थालाई मध्यनजर गर्दै सम्भावित प्रभावित नागरिकहरूको तथ्याङ्क सङ्कलन गरी उनीहरूका परिवारजनसँग सम्पर्क स्थापित गर्न आवश्यक व्यवस्था मिलाउन प्रभावित जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूलाई अनुरोध गरिन्छ।
यसै सन्दर्भमा २०८३ साउन ३० गते कर्णाली प्रदेशको जाजरकोट जिल्लाको भेरी नगरपालिका वडा नं. २ को रिसाङ्मा अविरल वर्षा पश्चात बाढी र पहिरोबाट प्रभावित व्यक्तिहरूका लागि सम्बन्धित निकायबाट भइरहेका खोज, उद्धार, राहत तथा अन्य निकायहरूबाट भएका कार्यहरूको जानकारी निरन्तर लिई प्रदेश सरकारले आवश्यक समन्वय र सहजीकरण गरिरहेको छ। जल तथा मौसम विज्ञान विभागबाट प्राप्त मौसम पूर्वानुमानअनुसार मिति २०८३ भाद्र ११ र १२ गते कर्णाली प्रदेशका पहाडी जिल्लाहरू, विशेषगरी **दैलेख, सुर्खेत, सल्यान र रुकुम पश्चिम**का केही भूभागमा भारी वर्षा हुनसक्ने पूर्वानुमान रहेकाले सम्भावित विपद्बाट सुरक्षित रहन आवश्यक पूर्वसावधानी तथा सतर्कता अपनाउन सर्वसाधारणमा अनुरोध छ। विशेषगरी प्रदेशका **महाबु (दैलेख), छायाँनाथ तथा ऋणमोक्ष धाम (मुगु), ठाकुरज्यू (जुम्ला), चुलिमाई (कालीकोट) र यस प्रदेश भएर सुदुरपश्चिम प्रदेशको बडिमालिका (बाजुरा)** लगायतका धार्मिक तथा पर्यटकीय क्षेत्रमा तीर्थयात्रा/पदयात्रा गरिरहेका यात्रु तथा पदयात्रीहरूले प्रयोग गर्ने सडक तथा पदमार्ग क्षेत्रको मौसम अवस्था सम्बन्धी जानकारी लिएर मात्र यात्रा गर्न र आवश्यक सावधानी अपनाउन अनुरोध छ।

विपद्को जोखिम कायम रहेको अवस्थामा प्रदेश अन्तर्गतका कार्यालय प्रमुख तथा जिम्मेवार कर्मचारीहरूले अति आवश्यक काम नपरी बिदामा नबस्ने र अत्यावश्यक कामका लागि बिदामा बस्नुपर्ने अवस्था आएमा वैकल्पिक कर्मचारीको व्यवस्था मिलाएर मात्र बिदामा बस्ने व्यवस्था मिलाउनु हुनको साथै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि पूर्वसूचना, पूर्वतयारी, उद्धार तथा प्रतिकार्यका कार्यलाई प्रभावकारी बनाउन सबै सुरक्षा निकाय तथा सम्बन्धित निकायहरूलाई तयारी अवस्थामा रहन अनुरोध गर्दछौं।

प्रदेश सरकार सम्भावित विपद्का कारण हुनसक्ने जनधनको क्षति न्यूनीकरण गर्न, प्रभावित नागरिकको उद्धार तथा राहत कार्यलाई प्रभावकारी बनाउन र नागरिकलाई आवश्यक सूचना समयमै उपलब्ध गराउन प्रतिबद्ध रहेको छ। यस कठिन परिस्थितिमा सबै नागरिकलाई मौसम तथा विपद्सम्बन्धी आधिकारिक सूचना तथा पूर्वसूचनाको पालना गर्दै आवश्यक सतर्कता अपनाउन, जोखिमयुक्त स्थानमा अनावश्यक आवतजावत नगर्न तथा कुनै विपद्को अवस्था सिर्जना भएमा नजिकको सुरक्षा निकाय वा सम्बन्धित स्थानीय तह, जिल्ला प्रशासन कार्यालयमा तथा कर्णाली प्रदेश सरकारको प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्रको टेलिफोन नं. ०८३-५२२५२६ वा मोबाइल नं. ९८५८०७६८४४ मा फोन गरी तत्काल जानकारी गराउन कर्णाली प्रदेश सरकार हार्दिक अपिल गर्दछ।

मितिः २०८३/०५/११ गते

सुरेन्द्र बहादुर शाही
प्रवक्ता/उपसचिव